चिचिला गाउँपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्डः ७ | सङ्ख्याः ९ | मितिः २०८०।१०।२५


भाग - २

चिचिला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

# धान बाली क्षतिको राहत वितरण सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावनाः** चिचिला गाउँपालिकाको विभिन्न टोलमा असिना पानीले पाकेको धान वालीमा क्षति पुऱ्याएको छ। विशेष गरी पाकी सकेर भित्र्याउने समय भएको धान बालीमा असिनाले क्षती पुऱ्याउदा भविष्यमा उत्पन्न हुने खाद्य संकट व्यवस्थापन गर्न नागरिकहरूको खाद्य अधिकार सुनिश्चित गर्न बालबालिकाहरूलाई गरिबीको चपेटामा पर्न नदिन यस चिचिला गाउँपालिकाले उपयुक्त व्यवस्थापन गर्नु पर्ने देखिन्छ।

असिनाले बाली क्षति भएको वास्तविक पीडित कृषकहरूलाई न्यायपूर्ण ढंगले राहत वितरण गर्न, एक द्धार राहात वितरण प्रणाली लागु गर्न, राहत वितरण प्रणालीलाई सरल सहज र प्रभावकारी बनाउन, वितरण गरिएको राहत सामाग्रीको गुणस्तर सुनिश्चित गर्न, राहत वितरण पश्चात यसको प्रभावकारीताको मूल्यांकन एंव् लेखाजोखा गर्न "धान वाली क्षतिको राहत वितरण सम्बन्धी मापदण्ड २०८०" जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "धान वाली क्षतिको राहत वितरण सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा–

(क) "गाउँ पालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ।

(ख) "वडा कार्यालय" भन्नाले चिचिला गाउँपालिकाको वडा कार्यालय सम्झनु पर्दछ।

(ग) "जनप्रतिनिधी" भन्नाले चिचिला गाउँपालिकाको जनप्रतिनिधि सम्झनु पर्दछ।

(घ) "राहत" भन्नाले चिचिला गाउँ कार्यपालिकाले निर्णय गरी उपलब्ध गराउने गाउँपालिका मार्फत दिइने संघ सरकार, प्रदेश सरकार कुनै संघ, संगठन वा व्यक्तिले उपलब्ध गराउने नगद वा जिन्सी सामग्री सम्झनु पर्दछ।

३. **क्षतिको निर्धारणः**

(क) राहतका लागी क्षतिको मात्रालाई न्यून क्षति, आंशिक क्षति र पूर्ण क्षति गरी तीन प्रकारमा वर्गीकरण गरिनेछ। जसमा

(ख) .न्यून क्षति भन्नाले १% देखि २५% सम्म,

(ग) आंशिक क्षती भन्नाले २५%देखि ८०% सम्म

(घ) पुर्ण क्षति भन्नाले ८०% वा सो भन्दा माथिको क्षतिलाई मानिनेछ ।

४. **विविधः**

(क) विपद् व्यवस्थापन समितिले गठन गरेको समितिले संकलन गरेको क्षतिको विवरणलाई कार्यपालिकाले स्विकृत गर्नुपर्नेछ।

(ख) यस निर्देशिका वमोजिम राहत प्राप्त गर्न आउदा अनिवार्य रुपमा क्षतिको विवरण संकलन गर्दा उल्लेख गरिएको नागरिकता प्रमाण पत्रको प्रतिलिपि अर्थात फोटोकपीलाई अनिवर्य रुपमा भिडाउनु पर्नेछ।

(ग) बालीमा अधिया स्वमित्व भएको किसानले सोहि बमोजिम आधा उत्पादनको मुल्याङ्कनको आधारमा राहत प्राप्त गर्ने छ तर जग्गा धनीको स्वीकृती भएमा पुर्ण मूल्यंकन गर्न सकिनेछ। अन्यथा जग्गा धनी संखुवासभा जिल्ला भित्र बसोबास गरेको अवस्थामा आधा बाली मुल्याङ्कन गर्न सकिने छ। सम्बन्धित जिल्ला भन्दा बाहिर बसोवास गर्ने जग्गा धनीको हकमा क्षतिको मुल्याङ्कन गरिने छैन । बाली लगाउने किसानको मात्रा मुल्याङ्कन गरिने छ।

(घ) राहत वितरण गर्दा राहत सामाग्रीको विवरण व्यवस्थापन तथा अभिलेखिकरणमा सम्बन्धित वडाले गर्नुपर्नेछ साथै सम्बन्धित वडाको जनप्रतिनिधी यसमा जिम्मेवार हुनु पर्नेछ।

चिचिला गाउँपालिका

(ङ)असिना पिडितहरूका लागी सहयोग गर्न चाहेका कुनै सरकार, संस्था, व्यक्तिले पिडितहरूका लागी खोलेको खातामा रकम जम्मा गरि एक द्धार प्रणालीलाई पूर्ण रुपमा अवलम्बन गर्नु पर्नेछ ।

(च)राहत दिने प्रयोजनका लागि चिचिला गाउँपालिका भित्र स्थायी बसोबास भएको, अधिया लगाएको अवस्थामा जग्गा धनी जिल्ला भन्दा बाहिर बस्ने अबस्थामा जग्गा धनीले राहत नपाउने, जिल्ला भित्र बसोबास गरेको अवस्थामा रोप्ने किसानलाई राहत जिम्मा लगाउने र किसानले जग्गा धनीसंग समन्वय गरेर बाँडफाँड गर्न सक्ने छ ।

(छ)यो मापदण्ड चिचिला गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(ज)क्षतीको मुल्याङ्कन गर्दा खाद्यान्न बाली (धान) लाई मात्र राहत दिने प्रयोजनका लागी मुल्याङ्कन गरिनेछ ।

(झ) धान बालीमा पुगेको क्षती वापत पाउने राहत रकम निर्धारण अनुसूची–१ बमोजिम गरिनेछ ।

चिचिला गाँउपालिका

## अनुसूची–१

(दफा ४ को उपदफा (क) संग सम्बन्धित) धान वालीमा पुगेको क्षति वापत पाउने राहत रकम निर्धारण गर्ने तरिकाः

| क्र.स. | क्षतिको किसिम | राहत रकम निर्धारण | कैफियत |
|---|---|---|---|
| १ | पुर्ण क्षति(८०% वा सो भन्दा माथिको क्षति %) | क्षति पुगेको जम्मा क्षेत्रफल(रोपनी)*संखुवासभा जिल्लाको औषत उत्पादन १.२४५ क्विन्टल प्रति रोपनि* औषत उत्पादन लागत रू. २३०४ प्रति क्विन्टल * ०.६५ वाट आउने रकम | |
| २ | आंशिक क्षति (३० देखि ८०%) | क्षति पुगेको जम्मा क्षेत्रफल(रोपनी)*संखुवासभा जिल्लाको औषत उत्पादन १.२४५ क्विन्टल प्रति रोपनि* औषत उत्पादन लागत रू. २३०४ प्रति क्विन्टल * ०.३० वाट आउने रकम | |
| ३ | न्युन क्षति (० देखि ३०%) | क्षति पुगेको जम्मा क्षेत्रफल(रोपनी)*संखुवासभा जिल्लाको औषत उत्पादन १.२४५ क्विन्टल प्रति रोपनि* औषत उत्पादन लागत रू. २३०४ प्रति क्विन्टल * ०.१० वाट आउने रकम | |

**प्रमाणिकरण मितिः २०८०/१०/२५**

**आज्ञाले;**
**सन्तोष राई**
**प्रमुख प्रशासकीय अधिकृत**